# ओपिओइड ओभरडोजको लागि नालोक्सोन नेजल स्प्रे दिनु

## Giving Naloxone Nasal Spray for Opioid Overdose

OpioIds include heroin and prescription pain medicines, such as:

- hydrocodone/acetaminophen (Lorcet and Vicodin)
- oxycodone/acetaminophen (Percocet)
- morphine (MS Contin)
- methadone
- fentanyl

If a person takes a large amount of opioids, they can overdose and they could die. An overdose is an emergency! Review this information, so you know how to respond to an overdose.

ओपिओइडहरूमा हेरोइन र प्रेस्क्रिप्शन गरिएका पीडाका औषधीहरू सामेल छन्, जस्तै:

- हाइड्रोकोडोन/एसेटामिनोफेन (लोर्सेट र भिकोडिन)
- ओक्सिकोडोन/एसेटामिनोफेन (पर्कोसेट)
- मोर्फिन (एम.एस. कोन्टिन)
- मेथाडोन
- फेन्टानाइल

कुनै व्यक्तिले धेरै मात्रामा ओपिओइड सेवन गर्दछ भने त्यो ओभरडोज हुन सक्छ र त्यो मर्न सक्छ। ओभरडोज हुनु आपतकालीन स्थिति हुन्छ! यो जानकारीलाई फेरि हेर्नुहोस्, जसबाट ओभरडोजको स्थितिमा कसरी प्रतिक्रिया जनाउने भन्ने जानकारी तपाईंलाई होस्।

### Signs of opioid overdose

- Not breathing or less than 1 breath every 5 seconds
- Vomiting
- Pale and clammy skin
- Lips, fingers or toes look gray or blue in color
- Heart beat or pulse is slow or has stopped
- Snoring, gurgling or choking sounds
- Does not respond to shaking or rubbing your knuckles over the breast bone in the center of the chest

### ओपिओइड ओभरडोजका लक्षणहरू

- सास नफेर्नु वा हरेक पाँच सेकेन्डमा 1 पटक वा कम्ति सास फेर्नु
- वान्ता हुने
- छाला पहेंलो हुनु वा च्यापच्याप हुनु
- ओठ, औँलीहरू र कुर्कुच्चा फुस्रो वा नीलो हुनु
- मुटुको धुकधुकी वा नाडी विस्तारो चल्नु वा रोक्किनु
- घुर्नु, घाँटीबाट आवाज वा सास रोकिएको आवाज आउनु
- हल्लाउँदा वा उसको छातीको बिचका हाडहरूमा मुड्कीले रगड्दापनि प्रतिक्रिया नदेखाउनु

## Take Action if you see signs of overdose

1. **Check response.**
   - Shout the person's name and shake their shoulders.
   - If no response, rub your knuckles on the center bone of their chest.
2. **Call 911.**
   - Say, "I have a person who is not responding and is not breathing." Give location and address if known.
   - Do not wait for emergency services to arrive before giving naloxone. Call 911 even if the peson responds to the naloxone (Narcan).
3. **Give naloxone (Narcan) nasal spray.**
   - Open package and peel paper to remove nasal spray. Follow directions in next section.

## ओभरडोजका लक्षणहरू देख्नहुन्छ भने कारवाही गर्नुहोस्

1. **प्रतिक्रिया हेर्नुहोस्।**
   - व्यक्तिको नाम चर्को स्वरले पुकार्नुहोस् र उसको काँधहरू हल्लाउनुहोस्।
   - कुनै प्रतिक्रिया हुँदैन भने, उसको छातिको बिचको हाडमा आफ्नो मुट्ठीले रगड्नुहोस्।
2. **911-मा फोन गर्नुहोस्।**
   - भन्नुहोस्, "यहाँ मसँग यस्तो व्यक्ति छ जसले कुनै प्रतिक्रिया जनाउँदैन र सास फेरिरहेको छैन।" स्थान र ठेगाना थाहा छ भने दिनुहोस्।
   - नालोक्सोन दिनुभन्दा पहिला आपतकालीन सेवा आइपुगोस् भनी प्रतीक्षा नगर्नुहोस्। नालोक्सोन (नारकन) दिएपछि व्यक्तिले प्रतिक्रिया जनाउँछ भने पनि 911 मा फोन गर्नुहोस्।
3. **नालोक्सोन (नारकन) नेजल स्प्रे दिनुहोस्।**
   - प्याकेट खोल्नुहोस् र नेजल स्प्रे हटाउनका लागि कागज च्यात्नुहोस्। अर्को खण्डमा निर्देशनहरूको अनुगमन गर्नुहोस्।

## Giving naloxone nasal spray

1. Position the person on their back.
2. Hold the spray with your thumb on the bottom of the plunger and your first and middle fingers on either side of the nozzle.




## नालोक्सोन नेजल स्प्रे दिने तरिका

1. व्यक्तिलाई पिठ्युको सहारामा बसाल्नुहोस्।
2. आफ्नो औँठोलाई प्लन्जरको पिँधमा राखेर समात्नुहोस् अनि आफ्नो चोर औंली र माझको औँलीहरूलाई नोजलको दुईतर्फ राख्नुहोस्।

3. Place the tip of the nozzle into one side of the nose, so your fingers are against the bottom of the nose.
4. Press the plunger firmly to give the dose of the spray.



3. नोजलको मुखलाई नाकको एकातिरको दुलोमा राख्नुहोस्, जसबाट तपाईंका औँलीहरू नाकको पिँधविरुद्ध रहोस्।
4. स्प्रेको डोज दिनका लागि प्लन्जरलाई दृढताका साथ थिच्नुहोस्।

5. Remove the spray device from the nose and throw it away. It only contains 1 dose. Throw it away out of the reach of children.
6. Stay with the person until help arrives.
    - If the person starts to breathe on their own, roll them onto their side, so they do not choke if they vomit.

5. नाकबाट स्प्रे यन्त्र हटाउनुहोस् र टाढा फ्याँकिदिनुहोस्। यसमा 1 डोज मात्रै हुन्छ। यसलाई बच्चाहरूको पहुँचभन्दा टाढा फ्याँक्नुहोस्।
6. मद्दत नआइपुगुञ्जेल व्यक्तिसँग रहनुहोस्।
    - व्यक्तिले आफै सास फेर्न थाल्छ भने उसलाई एकातिर कोल्टे परेको अवस्थामा सुताउनुहोस् जसबाट उसले बान्ता गरेको स्थितिमा ऊ नानिस्सासियोस्।




- If the person does not begin to breathe on their own after 2 or 3 minutes:
    - Give another dose of naloxone if you have it available.
    - Start recue breathing:
        - Make sure there is nothing in the person's mouth. Tilt the head back by lifting their chin with your hand to open their airway.
            - If you have a face shield, place it over their nose and mouth and pinch their nose shut with your other hand
            - If you have a pocket mask, place it over their nose and mouth to make a seal.

- व्यक्तिले 2 वा 3 मिनेटपछि आफै सास फेर्न सुरु गर्दैन भने:
    - तपाईंसित उपलब्ध छ भने नालोक्सोनको एक अर्को डोज दिनुहोस्।
    - बचाउ श्वास-प्रश्वास क्रिया सुरु गर्नुहोस्:
        - व्यक्तिको मुखमा केही नहोस् भनी सुनिश्चित गर्नुहोस्। उसको श्वासमार्ग खुल्ला गर्नका लागि आफ्नो हातले उसको च्यापुलाई माथि उठाउँदै उसको सिरलाई पछाडितिर ढल्काउनुहोस्।
            - तपाईंसित अनुहार ढाक्ने शिल्ड छ भने उसको नाक र मुखमाथि त्यसलाई राख्नहोस् अनि अर्को हातले उसको नाकलाई थिचेर बन्द गर्नुहोस्।
            - तपाईंसित पकेट मास्क छ भने बन्द गर्नका लागि उसको नाक र मुखमाथि राख्नहोस्।

- If you do not have a shield or mask, pinch their nose shut with your other hand.
- Give 2 slow and deep breaths into their mouth to cause their chest to rise. Continue giving 1 breath every 5 seconds until they are breathing on their own or help arrives.

- तपाईंसित शिल्ड वा मास्क छैन भने आफ्नो अर्को हातले उसको नाकलाई थिचेर बन्द गर्नुहोस्।
- उसको छातिलाई माथि उठाउन उसको मुखमा दुईपटक विस्तारै र गहिरो सास भर्नुहोस्। उसले आफै सास फेर्न नथाल्दासम्म वा मद्दत नआइपुगुञ्जेल हरेक 5 सेकेन्डमा 1 पटक श्वास दिन जारी राख्नहोस्।

## About naloxone nasal spray

- Store naloxone at room temperature and away from light.
- Check the expiration date on the package. If the expiration date is past, throw the package away and get a new one from the pharmacy.
- Naloxone will not reverse overdoses caused by drugs that are not opioids.
- Naloxone can cause non life-threatening withdrawal symptoms. Review the package instructions for more information.
- In Ohio, the law protects the person calling 911 and using naloxone to reverse a drug overdose, as well as the person who is overdosing.
- Naloxone is available in Ohio without a prescription. Pharmacies by county listed at: pharmacy.ohio.gov/Licensing/NaloxonePharmacy.

## नालोक्सोन नेजल स्प्रेको बारेमा

- नालोक्सोनलाई कोठाको तापमान र उज्यालोबाट टाढा राख्नहोस्।
- प्याकेजमा त्यसको प्रयोग गर्ने अन्तिम मितिको जाँच गर्नुहोस्। प्रयोग गर्ने अन्तिम मिति नाघिइसकेको छ भने त्यो प्याकेज फ्याँकिदिनुहोस् र फार्मेसीबाट नयाँ ल्याउनुहोस्।
- नालोक्सोनले ओपिओइड बाहेकका औषधहरूको ओभरडोजलाई उल्ट्याउन सक्दैन।
- नालोक्सोनले गैर-जीवनघातक फिर्ती लक्षणहरू उत्पन्न गर्न सक्छ। थप जानकारीका लागि प्याकेजमा दिइएका निर्देशनहरू हेर्नुहोस्।
- ओहायोमा, 911 मा कल गर्ने र औषध ओभरडोजलाई उल्ट्याउनका लागि नालोक्सोनको प्रयोग गर्ने साथै ओभरडोज भइरहेको व्यक्तिलाई कानूनले संरक्षण दिन्छ।
- स्थलहरूमा नालोक्सोन बिना कुनै प्रेस्क्रिप्शन उपलब्ध छ। काउन्टीको हिसाबले सूचीबद्ध फार्मेसीहरू हेर्नुहोस्: pharmacy.ohio.gov/Licensing/NaloxonePharmacy।

© 2016 - January 17, 2020, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.